www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

शहिद लखन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ, गोरखा ।

प.सं. २०७४/७५
च.नं. ५८५

४ नं. प्रदेश

मितिः २०७५/२/१५

बिषयः टोल वस्ती भेला गर्ने सम्बन्धमा ।

श्री ... नं. वडा कार्यालय
... गोरखा।

प्रस्तुत विषयमा वडाका अध्यक्ष/सदस्यहरुको संयोजकत्वमा वडालाई आवश्यकता अनुसार विभिन्न टोल/वस्तिमा विभाजन गरी संलग्न मार्गदर्शनलाई मध्यनजर राख्दै आगामी आ.व. २०७५/०७६ को योजना तथा कार्यक्रम छनौटको लागि मिति २०७५/०२/२५ सम्म टोल/वस्ती स्तरको भेला अनिवार्य रुपमा सम्पन्न गर्न जानकारी गराईन्छ। साथै वडा भेला संचालन तथा वडास्तरको योजना कार्यक्रम छनौट तथा प्राथमिकीकरणको आधार एवं थप मार्गदर्शन पछि प्राप्त हुने ब्यहोरा समेत अनुरोध छ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
शहिद लखन गाउँपालिका
थेवङ, गोरखा
२०७३

# वस्ती/वडा स्तरको योजना तथा कार्यक्रम छनौट सम्बन्धि मार्गदर्शन

**वस्ती/वडा स्तरको वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयमा ध्यान दिनु पर्ने छः-**

१) संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने,

२) आवधिक विकास योजना र मध्यकालीन खर्च संरचना अनुसार प्राथमिकताका बिषयहरु,

३) वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन,

४) सुशासन, लौङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित विषयहरु,

५) समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने,

६) अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषय,

७) बिषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु

८) वस्ती स्तरबाट प्राप्त योजना तथा कार्यक्रमहरुलाई विषयगत क्षेत्र अनुसार छुट्याउनुपर्नेछ।

९) योजना तथा कार्यक्रमहरुको विषयक्षेत्र अनुसार प्राथमिकीकरण गर्नुपर्नेछ।

१०)अधुरा योजनाहरुलाई आवश्यकताको आधारमा सम्पन्न गर्ने योजना छनौट गर्नुपर्नेछ

**बिषयगत क्षेत्र छुट्याउनेः**

१) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने,

२) **सामाजिक विकासः** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्धन, लौङ्गिक समानता तथा सामाजिक समावेशीकरण(महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक आदि) जस्ता क्षेत्र समावेश गर्ने।

३) **पूर्वाधार विकासः** सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

४) **वन वातावरण तथा विपद् ब्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला ब्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् ब्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने।

५) **सूशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यबस्थापन, वित्तीय जोखिम न्यूनिकरण, सार्वजनिक सुनुवाई, सामजिक परीक्षण, आन्तरीक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने।

**वस्ती तहका योजना छनौट गर्दा निम्नानुसार गर्नु पर्दछः**

१) वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती/टोलको योजना तर्जुमा गर्न सहजीकरण गर्ने गरी जिम्मेवारी प्रदान गर्नुपर्दछ।

२) प्रत्येक वडा भित्रका वस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गाराउनुपर्नेछ।

३) वस्ती तहका योजना छनौट गर्दा सो वस्ती भित्र सबै वर्ग र समुदाय(महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति, पिछडिएको वर्ग आदि) को प्रतिनिधित्व सुनुश्चित गर्नु पर्नेछ।

४) टोल/वस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल/वस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु(टोल विकास संस्था, आमा समुह, वाल क्लव/सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यलयबाट गठन भएका समूह जस्ता समूहहरु) लाई पनि सहभागी गराउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner